**आकाशवाणी समाचार- नेपाली**
**मितिः १७ मई २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदी दुई दिने भ्रमणका लागि स्वीडेन पुग्नुभएको छ ।श्री मोदीले द्विपक्षीय सम्बन्धका सम्पूर्ण पक्षहरूको समीक्षा गर्न स्वीडेनका प्रधान मन्त्री उल्फ क्रिस्टर्सनसँग वार्ता गर्नुहुनेछ।

- प्रधानमन्त्री नरेन्द्र मोदी र नेदरल्यान्ड्सका प्रधानमंत्री रोब जेटेनबीच हेगमा भएको व्यापक छलफलपछि दुई देशबीच द्विपक्षीय सम्बन्धलाई रणनीतिक साझेदारीको स्तरमा लैजान सहमति भएको छ।

- दिल्लीको एक अदालतले नीट पेपर लीक मामलाका कथित मास्टरमाइन्ड पी.वी. कुलकर्णी र अर्का आरोपी मनिषा वाघमारेलाई १० दिनको सीबीआई हिरासतमा पठाइएको छ ।

- केन्द्रीय माध्यमिक शिक्षा बोर्ड (सीबीएसई) ले जुलाई १ देखि कक्षा नौका  विद्यार्थीहरूले तीन भाषा अध्ययन अनिवार्य गरेको छ।

- पश्चिम बंगालमा, आरजी कर मेडिकल कलेज दुस्कर्म र हत्या मामिलाको सुनुवाइ कलकत्ता उच्च अदालतका न्यायाधीश शम्पा सरकार र न्यायाधीश तीर्थंकर घोषको डिभिजन बेन्चले गर्नेछ।

**प्रधानमंत्री-स्वीडन**

प्रधानमन्त्री नरेन्द्र मोदी दुई दिने भ्रमणका लागि स्वीडेन पुग्नुभएको छ । उहाँको यो भ्रमण भारत र स्वीडेनबीचको बढ्दो गठबन्धनमा ऐतिहासिक कोसेढुङ्गा साबित हुनेछ। श्री मोदीले द्विपक्षीय सम्बन्धका सम्पूर्ण पक्षहरूको समीक्षा गर्न र व्यापार बढाउनका साथै हरित परिवर्तन , कृत्रिम बुद्धिमत्ता, उदीयमान प्रविधिहरू, स्टार्टअपहरू, लचिलो आपूर्ति श्रृंखलाहरू, रक्षा, अन्तरिक्ष, जलवायु परिवर्तन र जन सम्पर्कमा सहयोगका नयाँ मार्गहरूको खोजी गर्न स्वीडेनका प्रधान मन्त्री उल्फ क्रिस्टर्सनसँग वार्ता गर्नुहुनेछ। दुवै प्रधानमन्त्रीका साथै युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयनले पनि उद्योगका लागि युरोपेली गोलमेच सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम छ । यो युरोपका उद्योगपतिहरूका लागि एक प्रमुख मञ्च हो।

**Byte (Sweden )**

यस वर्ष जनवरीमा ऐतिहासिक भारत-ईयू यूरोपीय संघ स्वतन्त्र व्यापार सम्झौता लागू भएयता यो उहाँको पहिलो युरोप भ्रमण हो। यस भ्रमणको उद्देश्य द्विपक्षीय सम्बन्धहरूको समीक्षा गर्नु र प्रविधिमा तीव्र परिवर्तन र जटिल भूराजनीतिक चुनौतीहरूको सामना गर्दै सहयोगका नयाँ मार्गहरूको खोजी गर्नु हो। यो भ्रमण आर्थिक संलग्नतामा उच्च वृद्धिको अनुसरण गर्दछ, द्विपक्षीय व्यापार २०२५ मा रेकर्ड ७.७५ बिलियन अमेरिकी डलर पुगेको छ र २००० र २०२५ को बीचमा स्वीडेनबाट भारतमा २.८-२.५ बिलियन अमेरिकी डलर प्रत्यक्ष विदेशी लगानी भएको छ।

**प्रधानमंत्री - नीदरलैंड - रणनीतिक साझेदारी**

प्रधानमन्त्री नरेन्द्र मोदी र नेदरल्यान्ड्सका प्रधानमंत्री रोब जेटेनबीच हेगमा भएको व्यापक छलफलपछि दुई देशबीच द्विपक्षीय सम्बन्धलाई रणनीतिक साझेदारीको स्तरमा लैजान सहमति भएको छ। वार्ताका क्रममा दुवै नेताले व्यापार, रक्षा, प्रविधि, जल व्यवस्थापन, स्वच्छ ऊर्जा, स्वास्थ्य सेवा र शिक्षालगायत विभिन्न क्षेत्रमा सहयोग गर्ने विषयमा समीक्षा गरेका थिए । प्राथमिकताका क्षेत्रमा सहयोगलाई थप मजबुत बनाउन कैयौँ सम्झौतामा हस्ताक्षर पनि भएको छ । सम्बन्धहरूलाई रणनीतिक

साझेदारीको स्तरमा बढाउने घोषणा गर्नुहुदै प्रधान मन्त्री मोदीले भन्नुभयो, भारत-नेदरल्यान्ड सम्बन्धहरूले पछिल्लो दशकमा उल्लेखनीय प्रगति गरेका छन्। श्री मोदीले नेदरल्यान्ड्सलाई भारतको प्रमुख युरोपेली साझेदारहरू मध्ये एकको रूपमा वर्णन गर्नुभयो। उहाँले दुई देशबीचको सम्बन्ध साझा लोकतान्त्रिक मूल्यमान्यता, बलियो आर्थिक सहयोग र जनता–जनताबीचको बलियो सम्बन्धमा आधारित रहेको बताउनुभयो । जल व्यवस्थापन, स्वास्थ्य सेवा र शिक्षा जस्ता क्षेत्रहरूमा सहयोगको उल्लेख गर्नुहुदै श्री मोदीले भन्नुभयो, लोकतान्त्रिक मूल्यहरू, बजार अर्थतन्त्र र जिम्मेवार व्यवहार हाम्रो साझा दृष्टिकोणको हिस्सा हुन्। उदीयमान क्षेत्रहरूमा अझ बढी सहयोगका लागि आह्वान गर्नुहुदै प्रधान मन्त्री मोदीले भन्नुभयो, भारत र नेदरल्यान्ड्सले नेदरल्यान्ड्सको विशेषज्ञतालाई भारतको गति र सीपसँग जोडेर नवप्रवर्तन, दिगो विकास, लगानी र रक्षा क्षेत्रमा सहयोग बढाउनुपर्छ। प्रधानमन्त्री मोदीले भन्नुभयो, दुवै देशहरूले नवीनता, लगानी, दिगो विकास र रक्षाका क्षेत्रमा आपसी सहयोगलाई नयाँ उचाइमा लैजानु आवश्यक छ।

**Byte**

**दिल्ली अदालत - नीट हिरासत**

दिल्लीको एक अदालतले नीट पेपर लीक मामलाका कथित मास्टरमाइन्ड पी.वी. कुलकर्णी र अर्का आरोपी मनिषा वाघमारेलाई १० दिनको सीबीआई हिरासतमा पठाइएको छ । विशेष सीबीआई न्यायाधीश अजय गुप्ताले कुलकर्णी र वाघमारेलाई सीबीआई हिरासतमा पठाएका थिए। एजेन्सीले भनेको छ कि अनुसन्धानका लागि दुवैलाई राष्ट्रिय राजधानीबाट बाहिर निकाल्नु र यो ठूलो षड्यन्त्रको अनुसन्धान गर्नु आवश्यक छ। विशेष सरकारी अभियोजक नीतू गुप्ता सीबीआईको तर्फबाट उपस्थित भएकी थिइन् र दुई आरोपीहरूलाई सोधपुछका लागि १४ दिनको रिमाण्डको माग गरेकी थिइन्। कार्यवाहीको क्रममा सीबीआईले कुलकर्णी एक विषय विशेषज्ञ भएको र २०२६ को नीट स्नातक प्रश्नपत्र तयार गर्ने काममा संलग्न रहेको बताएको छ। सीबीआईका अनुसार सह-अभियुक्त धनन्जय लोखन्डेले मनिषा वाघमारेबाट लीक भएको सामग्री संकलन गरेका थिए।

**जेपीसी-एक राष्ट्र एक चुनाव**

**एक राष्ट्र-एक चुनाव विधेयक** माथि संयुक्त संसदीय समितिले हिजो बैंग्लुरुमा राजनीतिक दलहरु , वैधानिक संस्थाहरु र सिविल सोसायटीका प्रतिनिधिहरुसित गहन विचार विमर्श गरेको छ । समितिका सभापति पी पी चौधरीले संवाददाताहरुसितको बातचीतमा भन्नु भयो कि कर्नाटकका उप मुख्यमंत्री डी के शिव कुमार, पूर्व मुख्यमंत्री वीरप्पा मोइली र भारतीय जनता पार्टी तथा अन्य पार्टिहरुका नेताहरुले आफ्नो विचार साझा गरे। समितिले विभिन्न राज्य भ्रमणका क्रममा आपत्ति र सुझाव संकलन गर्दै आएको उहाँले बताए|

**सीबीएसई – भाषा**

केन्द्रीय माध्यमिक शिक्षा बोर्ड (सीबीएसई) ले जुलाई १ देखि कक्षा नौका विद्यार्थीहरूले तीन भाषा अध्ययन अनिवार्य गरेको छ। बोर्डले एक विज्ञप्तिमा भनेको छ कि राष्ट्रिय शिक्षा नीति २०२० र राष्ट्रिय विद्यालय शिक्षा पाठ्यक्रम २०२३ अनुसार यी तीन भाषामध्ये कम्तिमा दुई भारतीय मूलको भाषा हुनुपर्छ। सीबीएसईले स्पष्ट पारेको छ कि कक्षा X मा तेस्रो भाषा-R-III को लागि कुनै बोर्ड परीक्षा हुनेछैन र R-III को सबै मूल्याङ्कन विशुद्ध रूपमा स्कूल-आधारित र आन्तरिक हुनेछ। बोर्डले भनेको छ कि आर-3 मा विद्यार्थीहरूको प्रदर्शन सीबीएसई प्रमाणपत्रमा प्रतिबिम्बित हुनेछ। सीबीएसईले यो पनि जानकारी दिएको छ कि कुनै पनि विद्यार्थीलाई आर-III को कारण कक्षा X बोर्ड परीक्षामा सामेल हुनबाट रोक्ने छैन।

**सरकार-चांदी**

बहुमूल्य धातुहरूमा भारी सीमा शुल्क लगाएको केही दिनपछि, सरकारले चाँदीको आयातमा प्रतिबन्ध लगाएको छ। विदेश व्यापार महानिर्देशनालयले एक सूचनामा बताएको छ कि सुन र प्लेटिनम , चाँदी सहित चाँदीको आयातको नीतिलाई स्वतन्त्रबाट प्रतिबन्धितमा परिमार्जन गरिएको छ।

## आरजी कर मेडिकल कलेज

पश्चिम बंगालमा, आरजी कर मेडिकल कलेज दुस्कर्म र हत्या मामिलाको सुनुवाइ कलकत्ता उच्च अदालतका न्यायाधीश शम्पा सरकार र न्यायाधीश तीर्थंकर घोषको डिभिजन बेन्चले गर्नेछ। यसअघि, न्यायाधीश राजा शेखर मन्था र रोय चट्टोपाध्यायले ११ मईमा मामिलाबाट आफूलाई अलग गरेका थिए। एकमात्र अभियुक्त संजय रोयलाई जनवरी २०२५ मा आजीवन कारावासको सजाय सुनाइएको थियो। यो मामिलाको अनुसन्धान केन्द्रीय अनुसन्धान ब्यूरो (सीबीआई) ले गरिरहेको छ। अनुसन्धान एजेन्सीले संजय रोयलाई मृत्युदण्डको माग गरेको थियो, जबकि उनले उनको रिहाइको लागि निवेदन दिएका थिए। पीडितका आमाबाबुले मामिलाको पुन: अनुसन्धानको माग गरेका छन्। मृतकका आमाबाबुले कोलकाताको सियालदह अदालतमा मामिला दायर गरेका छन्, जसमा तृणमूल कांग्रेसका पूर्व विधायक निर्मल घोष, संजीव मुखोपाध्याय र घोला पुलिस स्टेशनका तत्कालीन इन्चार्जलाई पक्राउ गर्न माग गरिएको छ। पीडितका आमाबाबुले पीडितको शवको दोस्रो पोस्टमार्टममा अवरोध गरेको र उचित प्रक्रियाहरू पालना नगरी हतारमा शवको दाहसंस्कार गरेको बताएका छन्।

## दिल्ली सरकार-ए.टी.एफ.

दिल्ली सरकारले राष्ट्रिय राजधानीमा उड्डयन टर्बाइन इन्धनमा मूल्य अभिवृद्धि कर (भ्याट) २५ प्रतिशतबाट घटाएर ७ प्रतिशत गर्ने महत्त्वपूर्ण निर्णय गरेको छ।

## आईपीएल क्रिकेट

आईपीएल क्रिकेटमा कोलकाता नाइट राइडर्सले गुजरात टाइटन्सलाई २९ रनले पराजित गरेको छ। हिजो राति कोलकातामा पहिला ब्याटिङ गर्दै नाइट राइडर्सले निर्धारित २० ओभरमा २ विकेट गुमाएर २४७ रन बनाएको थियो।